"जनमुखी स्थानीय सरकार, विकास समृद्धिको आधार"

# हाम्रो प्रतिबद्धता

"आफ्नो नगर आफै बनाऔं – कलम चिन्हमा मतदान गरौं"
"भेरी नगरपालिकामा नेकपा (एकीकृत समाजवादी) लाई विजयी गराऔं"

**आदरणीय भेरी नगर वासी आमा,बुवा,दाजुभाई तथा दिदीबहिनहरू :**

देशमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान जारी भएपछी दोश्रो पटक स्थानीय सरकारका जनप्रतिनिधीहरु चयन गर्नका लागि स्थानीय तहको निर्वाचन हुन गईरहेको छ । जनताको सबैभन्दा नजिकको सरकार स्थानीय सरकार हो यस सरकारले नै आम जनताका दैनन्दिन आईपर्ने समस्या समाधान गर्नुका साथै आवश्यक सेवा सुविधा उपलब्ध गराउने गर्दछ । स्थानीय जनताका लागि महत्पूर्ण विकास निर्माण र भौतिक पूर्वाधारको आवश्यकता स्थानीय सरकारका प्रतिनिधीहरुले नै बुझ्न सक्दछन । स्थानीय सरकारलाई साँचो अर्थमा सेवकको रुपमा स्थापीत गर्नेकाम हाम्रो पार्टी नेतृत्वको पहलमा सुरु भएको थियो । आफ्नो गाउँ आफै बनाउँ, तत्कालिन विकास नीति (नौ स) लगाएतका लोकप्रिय कार्यक्रम मार्फत स्थानीय सरकारलाई जनताको आफ्नो सरकारका रुपमा स्थापित गरिएको भएपनि यस अघि निर्वाचित जन प्रतिनिधीहरुको शासन शैलिबाट जनता सन्तुष्ट हुन सकेका छैनन् । ब्यक्ति तथा नाताबाद भ्रष्ट्राचार तथा अनियमिततामा संलग्नता, फितलो प्रशासनिक कार्यशैलि र अपरिपक्को नेतृत्वका कारण जनतामा जन प्रतिनिधीप्रतिको जनविश्वास गुम्दै गएको पाईन्छ । जनताको मतको माध्यमबाट पदमा पुगेर राजनितीलाई कमाईखाने थलोको रुपमा प्रयोग गर्ने कतिपय राजनितीक कुपात्रका कारण दुषित भईरहेको राजनीतिलाई सुधार गर्दै राजनीतिक नेतृत्व शासक नभई जनताको सेवक हो भन्ने कुरा प्रमाणित गर्नका लागि भेरी नगरपालिकाको मेयर पदमा हाम्रो पार्टीको तर्फबाट मेरो उम्मेद्‌वारी रहेको कुरा अवगत गराउँद छु ।

तीन दशक बढी राजनीतिमा निरन्तर क्रियाशिल रही अबिचलित रुपमा जनसेवा गर्दै आज भन्दा २६ वर्ष अघि साविक खलंगा गाउँविकास समितिको उपाध्यक्ष पदमा २२ वर्षको उमेरमा निर्वाचित भएर जनतको सेवा गर्ने अवसर प्राप्त भएपनि त्यस पछिको शसस्त्र द्वन्द्वका कारण आवाधिक निर्वाचनहरु हुन नसकेको र अघिल्लो निर्वाचनमा समेत विविध कारणले उम्मेद्‌वार बन्न नपाएपछी जनसेवा गर्ने चहाना पुरा हुन सकेन गा.वि.स. उपाध्यक्षमा निर्वाचित भएपछीको सफल कार्यकालको अनुभव उद्योग वाणिज्य संघ लगाएतका सामाजिक संघ संस्थाहरुको सफल नेतृत्व गरे पश्चातको अनुभवले पनि स्थानिय सरकारको नेतृत्व प्राप्त गरि सहि तरिकाले जनसेवा गर्न सकिन्छ भन्ने मेरो विश्वास छ ।

तत्काल नेकपा एमाले भित्रको चरम गुठबन्दीका कारण अघिल्लो स्थानिय तहको निर्वाचनमा टिकट नदिई अन्यायमा पारिएको तथा एमालेले आफ्नो सिद्धान्त र कम्युनिष्ट आचरणबाट विचलित भई पार्टीमा विद्रोह गरेर नेकपा (एकीकृत समाजवादी) नाममा पार्टी पुर्नगठन गरिरहेको यस अवस्थामा जनताद्धारा बहिस्कृत केहि समूहको जालझेल, छलकपट र षडयन्त्रलाई चिर्दै यस पटक मेरो उम्मृद्‌वारी रहेको छ ।

राजनीतिलाई पेशाको रुपमा दुरुपयोग गरिरहेका केहि राजनीतिक दल र ति दल सँग आवद्ध सिमित ब्यक्तिहरुको स्वार्थपूर्ण, अराजनीतिक र अप्राकृतिक गठबन्धन तथा राजतीतिक दलालीकरणका विरुद्ध भेरी नगरपालिकाको नगर प्रमुख पदमा मेरो उम्मेद्‌वारी रहेकोले भेरी नगरबासी आम मतदाता ज्यूहरुले कलम चिन्हमा मतदान गरी मेरा तपशिल बमोजिमका प्रतिबद्धता पुरा गर्ने अबसर प्रदान गर्नुहुने छ भन्ने पूर्ण विश्वास ब्यक्त गर्दछु ।

**"समाजवादको आश - जनताको आर्थिक विकास"**

१) भेरी नगर क्षेत्रका जनताहरुको रोजगारी तथा आम्दानीमा बृद्धि गर्न साना तथा मझौला उद्योगहरुको स्थापना तथा विकास गरिनेछ ।

२)कृषकहरुले उत्पादन गरेका कृषि तथा पशुजन्य उपजहरुको सुरक्षित बजारीकरणका लागि विभिन्न स्थानहरुमा कृषि उपज चिस्यान केन्द्र तथा कृषि संकलन केन्द्र स्थापना गरिनेछ ।

३) नगर क्षेत्रभित्र विभिन्न स्थानहरुमा कृषि तथा पशु पकेट क्षेत्रहरुको सम्भाव्यता अध्ययन तथा अनुसन्धान गरी विभिन्न पकेट क्षेत्रहरुको विकास गरिनेछ ।

४ )आधुनिक प्रविधिमैत्री कृषिको विकासका लागि नमुना कार्यक्रम संचालनका लागि कृषकहरुलाई प्रोत्साहन गरिनेछ ।

५) अर्गानिक उपजहरुको उपभोगका लागि नगरपालिकाभित्रका सम्भाव्य क्षेत्रहरुलाइ "अर्गानिक कृषि तथा पशु उपज क्षेत्र "घोषणा गरिनेछ ।

६) कृषिमा रैथाने बीउँ तथा बालीहरुको संरक्षणका लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।

७) नगर क्षेत्रका जनताहरुलाई बजारको सहज पहुँचका लागि भेरी नगरपालिकाका विभिन्न क्षेत्रहरुमा व्यवस्थित बजार केन्द्रहरुको स्थापनाका लागि अनुसन्धान गरी बजार केन्द्रहरुको विकास गरिनेछ ।

८) नगरक्षेत्र भित्रका कृषि तथा पशुपालनमा संलग्न कृषकहरुलाई व्यवसायिक प्रोत्साहनका लागि भत्ता तथा पुरस्कारको व्यवस्था गरिने छ ।

## खुशी हुन्छ मन- प्रमुख आधार पर्यटन

१)जाजरकोट दरबारलाई जाजरकोट संग्रालयको रुपमा विकास गर्न अबिलम्ब पहल गरिनेछ ।

२) भेरी नगर क्षेत्र भित्र बसोबास गर्ने सबै जातजातिहरुको कला, संस्कृति, थातथलो, गोत्र र कुल देवताहरु निर्क्योलका लागि अध्ययन/अनुसन्धान गरिनेछ । साथै पुराना मन्दिर, थान तथा धर्म परम्पराहरुको संरक्षण गरी पर्यटकिय उत्पादनको रुपमा विकास गरिनेछ ।

३)भेरी करीडोरबाट यात्रा गर्ने पर्यटकहरु सदरमुकाम खलंगामा कम्तिमा एक दिन बास बस्ने वातावरण मिलाउन निजी क्षेत्र (होटेल तथा उद्योग व्यवसायी) हरुसंगको समन्वयमा विशेष प्याकेजहरु ल्याइनेछ । साथै सदरमुकाम खलंगामा पर्यटन सूचना केन्द्र स्थापना गरिनेछ ।

४)भेरी नदीमा जलयात्रा पर्यटन (र्याफ्टींग) प्रवर्द्धन तथा जलयात्रा पर्यटन (र्याफ्टींग) पुर्वाधार विकासका लागि लगानीकर्ताहरुलाइ आकर्षित गरिनेछ ।

५)भेरी नगरपालिकाका मध्यपहाडी लोकमार्ग क्षेत्रमा पर्ने विभिन्न वस्तीहरुमा होमस्टे पर्यटनको सम्भाव्यता अध्ययन गरी होमस्टेको विकास गरीनेछ ।

६)भेरी नगरपालिकाको भुर पोखरा - मेलनेटा - बाह्रभदौ - थामालेक- हपल्डाँडा- मछाइना- भेरेखर्क- तिमिले-डींगा-पोखरा- बडालेक- मैदे - पिपे सम्मका लागि पर्यापर्यटन मार्ग (Eco Tourism Route) को सम्भाव्यता अध्ययन गरि निर्माण कार्य सुरु गरिने छ ।

७)भेरी नगरपालिका क्षेत्र भित्रका प्राकृतिक तथा मावन निर्मित सबै पर्यटकीय ठाउँहरुको पहिचान गरी अभिलेख तयार पार्नुका साथै उक्त क्षेत्रहरुलाई पर्यटकिय गन्तव्यको रुपमा विकास गर्न "भेरी नगरपालिका पर्यटन विकास गुरुयोजना" तयार गरि कार्यान्वय गरिने छ ।

८) नगर भित्रका पर्यटकीय गन्तब्य रुपमा रहेका मालिका मन्दिर, शिवालय मन्दिर, कुदुको भुमेश्वर गुफा, वडा नं. २ को साङ्टा गुफा लगाएतको विकासका लागि संघ प्रदेश सरकार संगको समन्वय आवश्यक कार्यअगाडी बढाईने छ ।

९) वडा नं १० को फेरा बजार देखि बुरुङ्गेखोलाको किनारै किनार वडा नं. ६ को सिमाना सम्म हरितसडक निर्माण गरी पर्यटकीय क्षेत्र बनाउनुका साथै खोला नियन्त्रण गरी त्यस क्षेत्रको जमिनलाई उत्पादन सँग जोडिने छ ।

## "समाजवादको तयारी - शिक्षा, स्वास्थ्य र रोजगारी शिक्षा"

१) भेरी नगरपालिका भित्रका सबै सामुदायिक विद्यालयहरुमा ५ वर्ष भित्र कच्ची साना विस्थापित गरि पूर्ण रुपमा पक्की भवन निर्माण गर्नुका साथै सामुदायिक विद्यालयहरुको गुणस्तर सुधारका कृयाकलापहरु संचालन गरिनेछ ।

२)सामुदायिक विद्यालयहरुका शिक्षकहरु तथा विद्यालय कर्मचारीहरुको क्षमता विकास तथा प्रोत्साहनमुलक कृयाकलापहरु नियमित रुपमा संचालन गरिनेछ ।

३)सामुदायिक विद्यालयहरुमा पूर्ण प्रविधि मैत्री (विद्युत, ईन्टरनेट, ल्याब तथा पुस्तकालय), बालमैत्री पुर्वाधार, शुद्ध खानेपानी, छात्रछात्राहरुको छुट्टाछुट्टै शौचालय तथा छात्राहरुलाई नि:शुल्क स्यानिटरी प्याडको व्यवस्था गरिनेछ ।

४)सामुदायिक विद्यालयहरुमा वार्षिक पाठ्यक्रमलाइ अनिवार्य रुपमा पुरा गराइनेछ ।

५)सामुदायिक विद्यालयहरु प्रति विद्यार्थिहरुको आकर्षण बढाउन अनुसन्धान गरी सोही अनुसार अंग्रेजी माध्यमबाट पठनपाठन लगाएतका कार्यक्रम संचालन गरिनेछ ।

६) सामुदायिक विद्यालयहरुको सुधारका लागि हरेक विद्यालयको "सामुदायिक विद्यालय सुधार योजना" तयार गरी लागु गरिनेछ ।

७) काफलचौरमा रहेको बुहुप्राविधिक शिक्षालयको भौतिक संरचना, दक्ष जनशक्तिको ब्यवस्था गरि थप रोजगारमूलक विषय पठनपाठनको ब्यवस्था मिलाईने छ साथै नगर भित्रका अन्य आवश्यक स्थानमा समेत प्राविधिक शिक्षा पठनपाठनको ब्यवस्था मिलाईनेछ ।

८) सबै विषयको गुणस्तरीय शिक्षाको ग्यारेण्टी गरि कम्तिमा माध्यमिक तहको शिक्षाका लागि नगरबाहिर जान नपर्ने ब्यवस्था मिलाईने छ ।

९) नगर क्षेत्रभित्रका जेहेन्दार, विपन्न तथा अशहाय विद्यार्थीको उच्च शिक्षाका लागि छात्रबृत्तिको ब्यवस्था गरिने छ ।

"स्वास्थ्य"

१)वडा स्तरमा स्थापना भएका सबै स्वास्थ्य चौकीहरुमा अनिवार्य रुपमा दक्ष जनशक्ति, पुर्वाधार तथा उचित उपकरणहरुको व्यवस्था गरिनेछ ।

२) भेरी नगरपालिका वडा नं ७ स्यालीबजारमा नगर स्वास्थ्य अस्पतालको निर्माण कार्य पहिलो वर्ष देखि नै थालनी गरिनेछ ।

३) नगरवासीलाई आपतकालीन सेवा उपलव्ध गराउन नगर क्षेत्रभित्र नि:शुल्क एम्बुलेन्स र शववाहनको व्यवस्था गरिनेछ ।

४) ६० वर्ष माथिका ज्येष्ठ नागरीक तथा असक्त, अपाङ्गता भएका ब्यक्तिहरुलाई घरधुरीमै स्वास्थ्य जाँच सेवा उपलव्ध गराइनेछ ।

५) स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावाकारी गराउन जनचेतनामुलक कार्यक्रम संचालन गरि सबै नागरिकको स्वास्थ्य विमा गरिनेछ ।

६) बालबालिकाहरुको कुपोषण न्युनिकरणका लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।

७) गर्भवती आमाहरुको स्वास्थ्य सुधारका लागि विशेष कार्यक्रमहरु संचालन गरिनेछ ।

८) प्राकृतिक चिकित्सा तथा योगा प्रोत्साहनका विविध कार्यक्रम संचालन गरिनेछ ।

९) विपन्न वर्गहरुको स्वास्थ्य उपचारमा सहयोग पुर्याउन विपन्न स्वास्थ्य उपचार कोष स्थापना गरिनेछ ।

१०) दिर्घ रोगीहरुको स्वास्थ्य उपचारमा टेवा पुर्याउन दिर्घ रोगी स्वास्थ्य उपचार कोष स्थापना गरिनेछ ।

११) जिल्ला अस्पताललाई विशेषज्ञ सहतिको गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नका लागि आवश्यक सहयोग तथा समन्वय गरिनेछ ।

"श्रम तथा रोजगारी"

१)भेरी नगर क्षेत्र भित्र कृषि श्रम तथा अन्य पेशागत श्रम गरी स्वरोजगार भएका तथा रोजगार सिर्जना गरेकाहरुलाई लक्षित गरी "श्रमको सम्मान गरौं" कार्यक्रम लागु गरिनेछ ।

२)ग्रामीण महिलाहरुलाई स्वरोजगार गराउन विभिन्न सिपमुलक तथा क्षमता अभिबृद्धिका कार्यक्रमहरु संचालन गरिनेछ ।

३)नगरपालिका क्षेत्रमा रोजगारी सिर्जना हुने खालका उद्योगहरु स्थापनाका लागि निजि क्षेत्रहरुलाई आकर्षत गर्ने खालका कार्यक्रम संचालन गरिनेछ ।

४) युवाहरुलाई रोजगारी बृद्धिका लागि नियमित रुपमा स्वरोजगारमुलक सीप तथा तालिमहरुको व्यवस्था गरिनेछ ।

५) नगरपालिका भित्र संचालनमा रहेका सहकारीहरुको नियमन र ब्यबस्थापन गरी सरहकारी संस्थाहरुलाई रोजगारी उत्पाद र विकास निर्माण संग जोडिने छ ।

६) सहकारीलाई ग्रामिण पुँजीको मुख्य आधारका रुपमा विकास गरिनेछ ।

"नगर बासीको आश - जनमुखी पूर्वाधार विकास"

१) भेरी नगरपालिका भित्र विस्तार भएका सडकहरुलाई बाह्रै महिना यातायात सुविधा उपलब्ध गाराउने गरि स्तरउन्नती गरिने छ । र सडक विस्तार नभएका वस्तीहरुमा सडक विस्तार गरीनेछ ।

२)भेरी नगरपालिका क्षेत्र भित्र बिद्युत विस्तार हुन नसकेका सबै बस्तीहरुमा पहिलो वर्षमै विद्युत सेवा विस्तार पछिका लागि आवश्यक पहल गरि सबै ठाउँमा अनिवार्य विद्युतीकरण गरिनेछ ।

३)पहिलो वर्षमै भेरी नगरपालिकाका सबै वडा कार्यालय भवनहरु निर्माण गरी वडा कार्यालयहरुबाट एकीकृत सेवा प्रवाह गरिनेछ ।

४)नगर क्षेत्रभित्र सुलभ दरमा जनसमुदायलाई यातायात सेवामा सहज पहुँचका लागि पहिलो वर्ष नै कम्तिमा ३ वटा नगर बस संचालनमा ल्याइनेछ । छोटो दुरीमा जनतालाई सेवा दिनका लागि बजारक्षेत्रमा ई–रिक्सा संचालनकालागि आवश्यक ब्यवस्था मिलाईने छ ।

५) भेरी नगरपालिकालाई सूचना प्रविधिमैत्रि गराउन आवश्यक पहल गरिनेछ ।

६)भेरी नगरपालिकाको सदरमुकाममा एक हजार जना क्षमताको सभाहल निर्माण गरिनेछ । वडा नं. ३ को ठाँटीमा सार्वजानिक कार्यक्रम गर्नकालागि सुविका सम्पन्न खुला मञ्च निर्माण गरिने छ ।

७)भेरी नगरपालिकाको सदरमुकामका व्यवस्थित बसपार्क निर्माण गरिनेछ ।

८)भेरी नगरपालिकाको मुख्य बजार क्षेत्रहरुको एकीकृत बजार व्यवस्थापन योजना तयार गरी लागु गरिनेछ ।

९) रणनीतिक महत्वका योजनाहरुको पहिचान गरिनेछ । उक्त योजनाहरुको सम्भाव्यता अध्ययन गरी विस्तृत अध्ययन प्रतिवेदनहरु (DPR) तयार गरि कार्यान्वयन गरिनेछ ।

१०)कुदु, भुरचौर, रिम्ना, पिपे, होलु, दारखोला, वाहुनथान, दारा लगायतका क्षेत्रहरुमा सिंचाइको प्रबन्ध गरिनेछ ।

११)भुरचौर, स्याउलि, पुन्मा, मिथेंग्रा, भेरं, पोख्रा, राँशी, तिमिले, डिंगा, घोयलनेटा, मैदं, पिपे, क्षेत्रका ,सडकहरुको स्तरउन्नति गरिनेछ ।

१२)सदरमुकाम खलंगालाइ  आठ (ड) आकारको  हरित चक्रपथको सम्भाव्यता अध्ययन गरी निर्माण गरिनेछ ।

१३)खलंगा, कुदु, भुरचौर, भुर, पुन्मा, जगतिपुर, कटीगाउँ, रावतगाउँ, छिप्रेना, इवर, मटेला, रांशी, पोख्रा, दारनेटा लगायतका बस्तीहरुमा खानेपानीको सहज आपुर्तिका लागि वृहत खानेपानी योजना संचालन गरिनेछ ।

१४)नगर क्षेत्र भित्रका गोरेटा बाटाहरुलाई सहज र व्यवस्थित गराउन कार्यक्रम संचालन गरिनेछ ।

१५) सिंचाईको सम्भावना नरहेका क्षेत्रहरुमा आकाशे पानी संकलन गर्ने टंकी निर्माण गरी सिंचाईको ब्यवस्था मिलाईनेछ ।

"वन तथा वातारण संरक्षण"

१)भेरी नगरपालिकामा वन क्षेत्रको वृद्धिका लागि संघ प्रदेशका निकायहरुसंग समन्वय गरी विशेष कार्यक्रमहरु संचालन गरिनेछ त्यसका लागि आवश्यक पर्ने विरुवाहरु उत्पादन गर्नका लागि एउटा नर्सरीको ब्यवस्थापन गरिने छ ।

२)भेरी नगरपालिकाका सार्वजनिक खाली जमिनहरुको अभिलेख तयार गरी वृक्षारोपण कार्यक्रम संचालन गरीनेछ

३)पर्यावरण सुरक्षाका लागि विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।

४)नगर क्षेत्र भित्र पाटी, पौवा, चौतारीहरुको निर्माण तथा संरक्षणमा विशेष ध्यान दिइनेछ ।

५)खलंगा सदरमुकामलाई दुलहीको रुपमा सिंगार्न पहिचान, स्वच्छता र हरीयालीको संयुक्त अवधारणालाइ आत्मसात गरी अगाडी बढिनेछ ।

"**विपद् तथा फोहर व्यवस्थापन**"

१)भेरी नगरपालिका क्षेत्रमा पर्ने विपद जोखिम क्षेत्रहरुको पहिचान गरी स्थानीय विपद् प्रतिकार्य योजना पहिलो वर्षमै तयार गरी लागु गरिनेछ ।

२)नगरपालिका क्षेत्र भित्र आकस्मिक रुपमा आइपर्ने विपद व्यवस्थापनका लागि पहिलो वर्षमै विपद व्यवस्थापन कोष स्थापना गरिनेछ ।

३)सदरमुकाम खलंगाबाट निस्किने ढललाइ वैज्ञानिक व्यवस्थापन गरी तल्लो क्षेत्रमा सिंचाइको व्यवस्था मिलाइनेछ ।

४)भेरी नगरपालिकाको सदरमुकाम खलंगा तथा अन्य मुख्य बजार क्षेत्रहरुको फोहरमैलाको उचित व्यवस्थापन गरिनेछ ।

"**पानी व्यवस्थापन**"

१) जिल्ला सदरमुकाम खलंगामा निर्माणाधीन बृहत खानेपानी आयोजना तत्काल सम्पन्न गरी बजार क्षेत्रको खानेपानीको समस्या समाधान गरिने छ साथै आलि, भूरचौर कुदु, रिम्ना, लगाएतका सुख्खा ठाउँमा देखिएको खानेपानीको दिर्घकालिन समाधानका लागि आवश्यक पहल गरिनेछ ।

२) भेरी नगर क्षेत्रभित्र रहेका पानीका स्रोत/मुहानहरुको अभिलेख तयार गरी संरक्षणका लागि विशेष कार्यक्रमहरु संचालन गरिनेछ नगर भित्रका सबै बस्तीमा एकघर-एकधाराको नीति कार्यान्वयन गरिने छ ।

३) नगरपालिकाकाका सुख्खा डाँडाहरुमा सिंचाइ तथा तल्ला क्षेत्रहरुका मुहानमा टेवा पुर्याउन भेरी नगरपालिकाका डाँडाहरुमा ठुला पोखरीहरु निर्माणका लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

४) नगर क्षेत्रभित्रका खोला, नदीहरुको संरक्षणका लागि कार्यक्रम संचालन गरिनेछ ।

"**सामाजिक सुरक्षा तथा समावेशी विकास**"

१) कुदु, र काफलचौरमा निर्माण कार्य सुरु गरिएका रंगशालाहरुको निर्माण कार्य अभिलम्ब पुरा गरी सुविधा सम्पन्न खेल मैदान बनाईने छ ।

२) "स्वास्थ्यका लागि खेलकुद" कार्यक्रम अन्तरगत नगर भित्रका बजार क्षेत्रमा ठुला ब्यामशाला निर्माण गरिनेछ ।

३) युवाहरुमा बढ्दो कुलत र विकृतिका विरुद्ध सकारात्मक सोंचको विकास गर्न युवा लक्षित विविध कार्यक्रमहरु संचालन गरिनेछ ।

४) युवाहरुको क्षमता विकासका लागि विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।

५) महिला, बालबालिका, ज्येष्ठ नागरीक, दलित, जनजाति, अशक्त तथा विपन्नहरुको लागि विशेष कार्यक्रम घोषणा गरी लागु गरिनेछ ।

६)भेरी नगरपालिकामा ज्येष्ठ नागरीक भत्ता, बालबालिका भत्ता लगायतका विविध सामाजिक सुरक्षाको कार्यक्रमलाई व्यवस्थित गरि सहज भुक्तानिको ब्यवस्था मिलाईने छ ।

"**संस्थागत विकास सुशासन - प्रशासन तथा व्यवस्थापन**"

१) भेरी नगरपालिकाको वस्तुस्थिति विवरण (Profile) तयार गरी वस्तुस्थिति विवरणलाइ आधाररेखा (Baseline) मानि शुरु वर्षमा नै भेरी नगरपालिकाको पाँच वर्षे एकीकृत नगर विकास योजना (Integrated Municipal Development Plan) तयार गरीनेछ ।

२) नगरपालिकामा वित्तिय अनुशासन कायम गर्न मध्यमकालीन खर्च संरचना (MTEF) चक्रिय योजना को शुरुवात गरिनेछ ।

३) भेरी नगरपालिकाको आन्तरीक आम्दानीलाइ बढाउन करको दर नई करका दायरा बृद्धि गरिने छ । भने बैज्ञानिक कर प्रणाली लागु गरि करदातालाई मर्का पर्ने खालका असोभाविक करकार दरहरु पुनरावलोकन तथा समायोजन गरिने छ ।

४)ठीक कर्मचारीलाइ ठीक ठाउँमा परीचालन गर्न पहिलो वर्ष नै भेरी नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरिनेछ ।

५) जनप्रतिनिधिर र कर्मचारीको समयानुकुल क्षमता विकासका लागि पहिलो वर्ष नै क्षमता विकास योजना तयार गरिनेछ ।

६) भेरी नगरपालिका क्षेत्रमा पर्ने जमिनको उचित व्यवस्थापन गर्न भु उपयोग गुरु योजना तयार गरी लागु गरिनेछ ।

७) हरेक वर्ष नगर सभा मार्फत सार्वजनिक हुने भेरी नगरपालिकाको बजेट तथा कार्यक्रमलाई सर्वसाधारणले जानकारी पाउने किसिमको व्यवस्था मिलाइ मितव्ययी एवं पारदर्शि स्थानीय सरकारको प्रत्याभूति गराईने छ ।

८)नगर क्षेत्रभित्र संचालन भएका हरेक कार्यक्रम तथा योजनाहरुको गुणस्तर तथा पारदर्शिता कायम गर्न अनुगमन, मुल्यांकन, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाइ तथा सामाजिक परीक्षण लगायत जवाफदेहिताका औजारहरुको कुशल प्रयोग गरिनेछ ।

९)भेरी नगरपालिकामा भ्रष्टचारजन्य गतिविधिहरुलाई पुर्ण रुपमा निषेध गरिनेछ ।

१०)योजना तर्जुमा प्रकृयालाई सहभागीतामुलक गराइनेछ ।

११)जिल्लाको भेटेरेनरी अस्पतालमा सर्वसाधारणको सहज पहुँचका लागि हाल उक्त स्थानमा रहेको सशस्त्र प्रहरी क्याम्पलाइ अन्यत्र उचित स्थानमा सार्नका लागि पहल गरिनेछ ।

१२)बालमैत्री नगरपालिका, छुवाछुत मुक्त नगरपालिका, लैंगिक उत्तरदायि नगरपालिका, पोषण सुधार कार्यक्रम लगायतका कार्यक्रमहरु प्राथमिकताका साथ लागु गरिनेछ ।

धन्यवाद ।